**कपुरकोट गाउँपालिकाको मिति २०७९।१०।२४ गतेको ८९ औं गाउँकार्यपालिका बैठकका कार्यसूचिहरु:**

१.उत्कृष्ट कृषकहरुलाई सम्मान गर्ने सम्वन्धमा ।

२. १२ औं गाउँ सभामा पेश गर्ने कार्यसूचि सम्वन्धमा ।

३. सडक मर्मत सम्भार कार्यका लागि सडक वोर्ड नेपालसंग प्रस्तावना पेश गर्ने सम्वन्धमा।

४. अस्थायी प्रहरी चौकी रिमलाई स्थायी गर्ने सम्वन्धमा ।

५.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन सम्वन्धमा ।

६. झोलुङ्गेपुलको माग विवरण पेश गर्ने सम्वन्धमा ।

७. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई विदाई गर्ने सम्व्न्धमा ।

८.भुमी निर्माण सेवाको बाँकी रकम भुक्तानी गर्ने सम्वन्धमा ।

९. विविध

क) नेववहादुर मल्ल स्मृति प्रतिष्ठानको रकम भुक्तानी ।

ख) थ्रि स्टार क्लवलाई खेलकुद रकमभुक्तानी ।

ग) दलितले संचालन गरेका व्यवसायलाई अनुदान सम्वन्धमा ।

घ) पशुपंक्षी विकास शाखाको आ.ब.२०७९।८०को अनुदान सम्वन्धमा ।

आज मिति २०७९।१०।२४ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ८९ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | तिला |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य - लेखापाल
श्री विर बहादुर चौधरी -का.स.
श्री रमेश कुमार आचार्य - [illegible]

## कपुरकोट गाउँपालिकाको ८९औं गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं.१:**

कपुरकोट गाउँपालिकाको १२औं गाउँ सभा उद्घाटन समारोहमा संघीय सांसद माननीय प्रकाश ज्वाला को प्रमुख आतिथ्यता तथा कर्णाली प्रदेश भुमी व्यवस्था ,कृषी तथा सहकारी मन्त्री माननीय भिम प्रकाश शर्माको विशिष्ट आतिथ्यतामा उद्घाटन गरि कृषी मेला प्रदर्शनी सहित यस पालिका स्तरिय उत्कृष्ट १२ जनालाई नगद रु ५०००।-,वडा स्तरिय उत्कृष्ट ४२ जनालाई रु २०००।- नगद पुरस्कार सहित प्रमाणपत्र र कृषि प्रदर्शनीमा सहभागीहरुलाई रु ३०० का दरले यातायात खर्च र प्रशंसापत्र सहित सम्मान गर्ने ।

**निर्णय नं.२:**

१२औं गाँउसभामा तपसिलका कार्यसूचिहरु अनुमोदनका लागि पेश गर्ने

- गाउँपालिका अध्यक्षज्यूबाट प्रस्तुत परिमार्जित नीति तथा कार्यक्रम
- बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकज्यूले पेश गर्नुभएको आ.व. २०७९।०८० को संसोधित बजेट तथा कार्यक्रम
- विधायन समितिका संयोजकज्यूले पेश गर्नुभएका देहायबमोजिमका ऐन/कार्यविधि/योजनाहरु
  - ✓ जलस्रोत ऐन,२०७९
  - ✓ विकास योजना/कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि,२०७९
  - ✓ करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७९
  - ✓ टोलविकास संस्था गठन तथा व्यवस्थापन कार्यविधि २०७९
  - ✓ खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नमुना विधान
  - ✓ टोलविकास संस्थाको नमुना विधान
  - ✓ मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि(पहिलो संसोधन २०७९)
  - ✓ पंचवर्षिय गाउँशिक्षा योजना २०७९-२०८३
  - ✓ कपुरकोट गाउँपालिकाको शैक्षिक पार्श्वचित्र२०७९
  - ✓ स्थानीय पाठ्यक्रम(१-८) "हाम्रो कपुरकोट",२०७९
  - ✓ राजश्व सुधार योजना २०७९
  - ✓ वाल क्लवदर्ता विधान २०७९
  - ✓ शिक्षा क्षेत्रको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९
  - ✓ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९
  - ✓ पंच वर्षिय आवधिक योजना (२०७९-२०८३)
  - ✓ लैङगिक समानता तथा सामाजिक समावेशीकरण (जेसी नीति २०७९)
  - ✓ शिक्षा समिति, गाउँकार्यपालिका, पदपूर्ति समिति र न्यायीक समितिका हाल सम्मका निर्णयहरु
- सुशासन तथा संस्थागत विकास समिति संयोजकले पेश गर्नुभएको नागरिक वडापत्र

निर्णय पुस्तिका
२०७९/१०/२६

- सामाजिक विकास र विपद व्यवस्थापन समिति संयोजकले पेश गर्नुभएको प्रतिवेदन
- कपुरकोटको वेमौसमी तरकारीलाई ब्राण्डीङ गर्ने सम्बन्धी विशेष प्रस्ताव
- समर्थन मुल्यकोष कार्यविधि तर्जुमा गर्न कार्यदल गठन गर्ने सम्वन्धी प्रस्ताव
- तरकारीमा निकासी कर लगाउने सम्बन्धी प्रस्ताव
- बालविवाह न्यूनिकरण गर्ने सम्बन्धी विशेष संकल्प प्रस्ताव
- विविध विषयहरु ।

**निर्णय नं ३:**

सडक वोर्ड नेपालवाट सडकको मर्मत संभार कार्यका लागि रु १० लाख रुपैया विनियोजन भएको र उक्त रकमको कम्तिमा २० प्रतिशतले हुन आउने दायित्व बहन गर्नुपर्ने भएकोले रु. २ लाख रुपैयाँ साझेदारी गर्ने र तपसिलका सडकहरुमा मर्मत सम्भार कार्य गर्ने गराउने ।

१.खाली सल्लाम सितलवजार सडक मर्मत संभार योजना कपुरकोट, ५

२. कपुरकोट दमार खोला हुदै सिमलकुना जोड्ने मोटरबाटो कपुरकोट, ३

३. छायाँनाथ जलवाङ ढाँर हुदै रातामाटा रिङरोड कपुरकोट, ६

४. कपुरकोट गाडापानी हुदैं फलावाङ जोड्ने सडक कपुरकोट, ४

५. खालीगर्पा दहवन कालापात्ला सारपानी लामपोखरा जोड्ने सडक कपुरकोट, २

६. दहवन सारपानी लापु लामपोखरा सडक कपुरकोट, १

**निर्णय नं.४:**

यस कपुरकोट गाउँपालिकाको वडा नं. ५ र ६ लाई हेर्ने अस्थायी प्रहरी चौकी रिमका लागि आवश्यक पर्ने जग्गाको व्यवस्थापन भईसकेकोले उक्त चौकीलाई स्थायी प्रहरी चौकीमा स्तरोन्नती गर्न सम्वन्धीत निकायसंग सिफारिस गर्ने ।

**निर्णय नं.५:**

शिक्षा समितिले मिति २०७९।११।७ देखि ९ सम्म संचालन गर्ने निर्णय गरेको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा यस गाउँपालिका अन्तर्गतका सवै माध्यामीक विद्यालयहरुलाई प्रतिविद्यालय रु ६० हजारका दरले र आधारभुत विद्यालयहरुलाई १०० मिटर र २०० मिटरमा मात्र सहभागि हुने गरि रु १५ हजारका दरले विल भर्पाई प्राप्त भएपछि भुक्तानी हुनेगरि रकम उपलब्ध गराउने र अन्य व्यवस्थापन लगायतयको खर्च व्यवस्थापन गर्ने ।

**निर्णय नं.६:**

शहरी विकास मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभाग ललितपुरलाई यस कपुरकोट गाउँपालिकाको विभिन्न ठाउँमा आवश्यक पर्ने तपसिल बमोजिमका झोलुङ्गेपुल निर्माणको लागि विवरण पेश गर्ने ।

१.सिले खोला झोलुङ्गेपुल वडा नं. २

२. सेतेखोला झोलुङ्गेपुलकपुरकोट ४

३. ढोरखोलाझोलुङ्गेपुलकपुरकोट १

४. सिन्दुरी खोला भोलुङ्गेपुलकपुरकोट ५
५. छायाँनाथ खोलाभोलुङ्गेपुलकपुरकोट ६

**निर्णय नं.७:**

विविध प्रस्तावहरुको सम्बन्धमा तपसिल बमोजिम निर्णय गर्ने ।

- "स्मृतीमा प्रजातन्त्र सेनानी नेब बहादुर मल्ल"नामक पुस्तक खरिद गरे बापत भुक्तानी हुनुपर्ने रकम रु १०,०००।- आ.व. २०७८।०७९ मा भुक्तानी गर्न बाँकी रहेकोले पुस्तक तथा सामाग्री शिर्षकबाट भुक्तानी दिने ।
- यस कपुरकोट गाउँपालिका वडा नं. ३ स्थित थ्रि स्टार क्लवले आयोजना गरेको भलिवल प्रतियोगिता संचालनको लागि यस पालिकामा आर्थिक सहयोग माग भएकोमा उक्त प्रतियोगिताको दोश्रो पुरस्कार बराबरको खेलकुद रकम रु २०,०००।- युवा तथा खेलकुद सहायता शिर्षकबाट भुक्तानी दिने ।
- महिला तथा वालवालिका इकाईबाट पेश भएको दलितले संचालन गरेको व्यवसायलाई अनुदान उपलब्ध गराउने सम्बन्धी प्रस्तावमा देहायबमोजिमका दुई वटा प्रस्तावहरु छनौट गर्ने ।
  १.मनिष एण्ड एचआर जि एम ईलेक्ट्रोनिक्स, कपुरकोट ६
  २. विजय सु सेन्टर, कपुरकोट ३

**निर्णय नं.८:**

पशुपंक्षी विकास शाखाको आ.ब.२०७९।८० को "**पशु चौपाया तथा पंक्षीजन्य उत्पादन कार्यक्रम**"अन्तर्गत मिति २०७९/०८/१२ गतेको प्रकाशित सूचना अनुसार मिति २०७९/०८/२६ गते भित्र पर्न आएका आवेदनलाई कपुरकोट गाउँपालिकाको मुल्याङ्कन समिति बाट आवेदन सँग पेस गरिएका आवश्यक कागजातको निरिक्षण,प्राविधिक फिल्ड अनुगमनको आधारमा तपसिल बमोजिमका कृषकहरुलाई छनौट गर्ने ।

| क्र.स | फर्मको नाम | ठेगाना | संचालनहुने कार्य | गा.पा.अनुदान रकम | सहभागिता रकम | कुल रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | प्रतिक्षाकृषि तथा पशुपंक्षी फर्म | कपुरकोटं १ | कुखुराको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| २. | खड्का कृर्षि तथा पशुपंक्षी फर्म | कपुरकोट १ | कुखुरा खरिद | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| ३. | पवित्र देव कृषि तथा पशुपंक्षीपालन सफिर्म | कपुरकोट १ | कुखुरा खरिद | ३०,०००। | ३०,०००। | ६०,०००। | |
| ४. | सोलाबाङ्गपशुपंक्षीतथाव्यवसायिक तरकारी फर्म | कपुरकोट ३ | कुखुराको खोर सुधार | ७०,०००। | ७०,०००। | १,४०,०००। | |
| ५. | राहुलकृषितथापशु फर्म | कपुरकोट ३ | कुखुराको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| ६. | बस्नेत पोल्ट्री फर्म | कपुरकोट ३ | कुखुराको खोर सुधार | ७०,०००। | ७०,०००। | १,४०,०००। | |
| ७ | महतरा पोल्ट्री फर्म | कपुरकोट ३ | कुखुराको खोर सुधार | ७०,०००। | ७०,०००। | १,४०,०००। | |
| ८ | कविताकुखुरा फर्म | कपुरकोट ३ | कुखुराको खोर सुधार | ७०,०००। | ७०,०००। | १,४०,०००। | |
| ९ | अनुजाकृषितथापशुपंक्षीव्यवसायफर्म | कपुरकोट ४ | कुखुराको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | मदनकृषितथापशुपालनव्यवसायफर्म | कपुरकोट ४ | बंगुरको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| ११ | एलिसा कृषितथापशुपंक्षीपालनफर्म | कपुरकोट ४ | कुखुरा खरिद | ३०,०००। | ३०,०००। | ६०,०००। | |
| १२ | श्रृष्टी पोल्ट्र फर्म | कपुरकोट ५ | कुखुराको खोर सुधार | २,००,०००। | २,००,०००। | ४,००,०००। | |
| १३ | बि.एस.आर कृषितथापशुपंक्षीफर्म | कपुरकोट ५ | कुखुराको खोर सुधार | ७०,०००। | ७०,०००। | १,४०,०००। | |
| १४ | थापाबंगुर फर्म | कपुरकोट ५ | बंगुरको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| १५ | मिलनबाखातथाबंगुर पालनफर्म | कपुरकोट ५ | बंगुरको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| १६ | किरण कृषितथापशुपंक्षीफर्म | कपुरकोट ५ | बंगुरको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| १७ | एभरेष्ट कृषितथापशुपंक्षी फर्म | कपुरकोट ५ | बंगुरको खोर सुधार | ४०,०००। | ४०,०००। | ८०,०००। | |
| १८. | सदाबाहर कृषितथापशुपंक्षीफर्म | कपुरकोट ५ | कुखुरा खरिद | ३०,०००। | ३०,०००। | ६०,०००। | |

निर्णय प्रमाणित

२०७४/१०/२४